# गण्डकी गाउँपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिकका लागि बार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

प्रमाणिकरण मितिः २०७८।०८।१४

## ❖ महिला बालबालिका शाखा को परिचय

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सामाजिक बिकास शाखा अन्तर्गत रहेको छ ।

**शाखागत लक्ष्य** : गरिबीको रेखामुनी रहेका ग्रामिण महिलाहरुको आर्थिक तथा सामाजिक जिवनस्तर अभिवृदि गर्नु ।

**शाखागत लक्ष्य** : व्यक्तित्व विकासका नियमित अवसर गुमाएका विपन्न ग्रामिण महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्याक्तिको हक अधिकारको रक्षाको साथै आर्थिक अवस्थामा सुधार र सशक्तीकरणका लागि आवश्यक कदम चाल्नु ।

**कार्यक्रम शिर्षक : अपाङ्गता, ज्येष्ठ नागरिक सहायता सामग्री र आय आर्जन कार्यक्रम**

**१. परिचय** : अपाङ्गता भन्नाले गण्डकी गाउँपालिका भित्रका भिन्न क्षमता भएका व्यक्ति भन्ने बुझिन्छ । तसर्थ उनीहरुसँग पनि काम गर्न सक्ने सिपहरु हुन्छन र उनीहरु पनि समाजमा अरु व्यक्ति सरह काम गर्न सक्षम हुन्छन । त्यसैले भिन्न क्षमता भएकालाई उनीहरुको क्षमता अनुसार आयआर्जन कार्यक्रममा संलग्न गराउने उदेश्यले यो कार्यक्रम राखिएको छ र ज्येष्ठ नागरिक भन्नाले गण्डकी गाउँपालिका भित्रका ६० बर्षमाथिका व्यक्तिहरुलाई जनाउँछ । ज्येष्ठ नागरिकको विकासको लागि पनि यो आयआर्जन कार्यक्रम राखिएको छ ।

**२. लक्ष्य तथा उद्देश्य** : यस गाउँपालिका भित्र बसोबास गर्ने निम्न आयस्रोत भएका र पछाडि परेका निमुखा ज्येष्ठ नागरिक, महिला तथा अपाङ्ग बालबालिकाको लागि आर्थिक स्तरमा टेवा पुर्याउने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधि** : निम्न आयस्रोत भएका र पछाडि परेका निमुखा ज्येष्ठ नागरिक, महिला तथा अपाङ्ग बालबालिका सिप र क्षमता अनुसार छनौट गर्ने ।

**५. सहभागी** : यस गाउँपालिकाको सम्पुर्ण वडा भित्रका अपाङ्ग र ज्येष्ठ नागरिक ।

**६. कार्यान्वयन समय** : २०७८ चैत्र मसान्तसम्म ।

**७. कार्यकम सञ्चालन प्रक्रिया** : यस गाउँपालिकाका सबै वडाहरुमा भएका अपाङ्ग र ज्येष्ठ नागरिक समुहको माग निवेदन अनुसार ।

**८. अपेक्षित प्रतिफल** : भिन्न क्षमता भएका सदस्यहरुले आयआर्जन कार्यक्रम सञ्चालन गरि आफ्नो पारिवारिक रुपमा आइपरेको आर्थिक समस्यामा सुधार तथा परिवर्तन ल्याउने ।

**९. कार्यक्रम बजेट** : रु. ५,००,०००।- (पाँच लाख रुपैया मात्र)

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक : आर्थिक पुनर्लाभ र समावेशीकरण कार्यक्रम**

**१. परिचय** : कोरोना भाईरसको महामारीलाई ध्यानमा राख्दै जोखिममा रहेका वर्गहरु, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आर्थिक, राजनैतिक र सामाजिक रुपले पछाडि परेका साथै रोजगारीको शिलसिलामा कोभिडवाट रोजगारी गुमाएका, अति प्रभावित जोखिममा रहेका व्यक्ति र वर्गको स्वास्थ्य मनोसामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ ।

**२. लक्ष्य तथा उद्देश्य** : यस गण्डकी गाउँपालिका भित्र वसोवास गर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एकल महिलाहरु सवैलाई सहयोग पुर्याउने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला वालबालिका तथा जेष्ठ नागरिक शाखा ।

**४. कार्यविधी** : महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एकल महिलाहरु

छनौट गर्ने ।

**५. सहभागी** : गण्डकी गाउँपालिकाका सम्पुर्ण वडाका कोभिड- १९ प्रभावित महिला तथा वालबालिका, ज्येष्ठ नागरिक महिला पुरुष समावेशी रुपमा छनौट गरिने छ ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७८ मंसिर देखि चैत्र मसान्त सम्म ।

**७. कार्य संचालन प्रक्रिया** : यस गण्डकी गाउँपालिका भित्रका कोभिड- १९ वाट प्रभावित महिला, पुरुष, बालबालिका, एकल महिला, वडा कार्यालयको समन्वयमा गण्डकी गा.पा. स्वास्थ्य शाखाको कोभिड- १९ आवश्यक डाटा संकलनको सहयोगमा छनौट गरि संचालन गर्ने ।

**८. अपेक्षित प्रतिफल** : कोभिड- १९ प्रभावितहरुको मनोबल बढ्ने तथा आत्मनिर्भरता हुने ।

**९. कार्यक्रम बजेट** : रु. ३,००,०००।- (तिन लाख मात्र)

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक : ज्येष्ठ नागरिक अपाङ्गता सञ्जाल निर्माण तथा सचेतना कार्यक्रम**

**१. परिचय** : गण्डकी गाउँपालिका भित्र रहेका (अन्तरनिहित) परम्परागत रुपमा लामो समयदेखि, आर्थिक सामाजिक र राजनैतिक रुपमा पछाडि पारिएका, सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट बञ्चित रहेका व्यक्तिहरुको समान अवसर एवं सुनिश्चिता गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ ।

**२. लक्ष्य तथा उद्देश्य** : यस गाउँपालिका भित्र वसोवास गर्ने पछाडि परेका अपाङ्ग, ज्येष्ठ नागरिक, लैङ्गिक, अल्पसंख्यक समुह सदस्यहरुको स्तरमा सुधार एवं वृद्धि गर्ने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा ।

**४. कार्यविधी** : पछाडि परेका अपाङ्ग, ज्येष्ठ नागरिक, लैङ्गिक, अल्पसंख्यक समुह छनौट गर्ने ।

**५. सहभागी** : यस गाउँपालिकाको सम्पुर्ण वडा भित्रका पछाडी पारिएका समुहहरु ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७८ मंसिर देखि २०७९ जेष्ठ मसान्तसम्म ।

**७. कार्यक्रम सञ्चालन प्रक्रिया** : यस गाउँपालिकाका सबै वडाहरुमा सुचना टाँस गरि र गाउँपालिकाको सुचना पाटी र Website मा १५ दिने सुचना प्रकाशन गरिने छ ।

छनौटका लागि देहाय बमोजिमको समिति गठन गरिने छ ।

क) गा.पा. अध्यक्ष - संयोजक

ख) गा.पा. उपाध्यक्ष -सदस्य

ग) प्र.प्र.अ. - सदस्य

घ) वडा अध्यक्ष - सदस्य

ङ) प्रशासन शाखा - सदस्य

च) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा -सदस्य सचिव

**८. अपेक्षित प्रतिफल** : विपन्न निमुखा सदस्यहरुको आफ्नो पारिवारिक रुपमा आई परेका समस्यामा परिवर्तन ल्याई आत्मनिर्भर हुनेछन् ।

**९. कार्यक्रम बजेट** : रु. २,००,०००।- (दुई लाख मात्र) ।

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक : महिला उद्यमशिलता तथा विस्तार सचेतना कार्यक्रम**

**१. परिचय** : महिला उद्यमशिलता भन्नाले आर्थिक र सामाजिक रुपले पछाडि परेका महिला, एकल महिलाहरुलाई समुहमा आवद्ध गरि स्थानीय स्रोत साधन र उनीहरुमा भएको क्षमता र सिपको प्रवर्द्धन गरि व्यवसायिक रुपमा आत्मनिर्भर तथा आर्थिक सशक्तिकरण होस भन्ने उद्देश्यले यो सिप प्रविधि हस्तान्तरण कार्यक्रम राखिएको छ ।

**२. लक्ष्य तथा उद्देश्य** : यस गाउँपालिका भित्र बसोबास गर्ने निम्न आयस्रोत भएका पछाडी परेका एकल महिलाहरुको लागि सहयोग पुर्याउने छ ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला वालबालिका तथा जेष्ठ नागरिक शाखा ।

**४. कार्यविधी** : निम्न आयस्रोत भएका पछाडी परेका एकल महिलाहरु छनौट गर्ने ।

**५. सहभागी** : यस गाउँपालिकाको सम्पुर्ण वडा भित्रका महिला समुहमा आवद्ध भएका महिला तथा एकल महिलाहरुको सहभागिता ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७८ मंसिर देखि फाल्गुन मसान्तसम्म ।

**७. कार्यक्रम सञ्चालन प्रक्रिया** : यस गण्डकी गाउँपालिका कार्यक्षेत्र भित्रका महिला, एकल महिला समुहमा आवद्ध भएका सिप र क्षमता अनुसार छनौट गरि वडा कार्यालयको सिफारिसका आधारमा ।

**८. अपेक्षित प्रतिफल** : पछाडि मानिएका वर्गहरुको आर्थिक सशक्तिकरण हुनेछ ।

**९. कार्यक्रम बजेट** : रु. १,००,०००।- (एक लाख मात्र)

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा प्रतिवेदन ।

## कार्यक्रम शिर्षक : महिला बालबालिका तथा लै.स.सा.स.सँग सम्बन्धित दिवसहरु र क्षमता विकास

**१. परिचय** : महिला बालबालिका अन्तर्गत पर्ने ज्येष्ठ नागरिक दिवस, महिला श्रमिक दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अपाङ्ग दिवस, नारी दिवस, बालबालिका दिवस लगायत विविध दिवसहरु राष्ट्रिय र अन्तराष्ट्रिय एक्यबद्धता र चलन अनुसार गाउँपालिका स्तरमा मनाउने र आ-आफ्नो हक अधिकार, सेवा सुविधा, पहुँच विस्तार, सचेतना अभिबृद्धि गरि लक्षित बर्गहरुलाई सशक्त रुपमा अधिकतम अधिकार सुनिश्चितता गर्ने र बिकास निर्माण एवं सेवा प्रबाहका क्षेत्रमा लक्षित बर्गको सहभागिता र योगदान बढाउने र लाभ एवं विकासको प्रतिफलमा समेत उपभोग गर्ने कार्य विभिन्न दिवस मार्फत गाउँपालिका स्तरमा गरिनेछ ।

**२. लक्ष्य तथा उद्देश्य** : यस गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने महिला ज्येष्ठ नागरिक अपाङ्ग सबैको हित कल्याण सेवा सम्मानका लागि गर्ने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधी** : दिवस अनुसार सुचनाको आधारमा पहिचान गर्ने र तिथि मिति अनुसार गर्ने ।

**५. सहभागी** : सम्बन्धित दिवस अनुसार ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७८ मंसिर देखि २०७९ जेष्ठ मसान्तसम्म ।

**७. कार्य सञ्चालन प्रक्रिया** : सरकारले प्रतिबद्धता जनाएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय दिवसहरु गण्डकी गाउँपालिका क्षेत्र अन्तर्गत रहि मनाउने ।

**८. अपेक्षित प्रतिफल** : विविध दिवस मार्फत सम्बन्धित दिवसले आवश्यक सचेतना फैलाउने र सशक्त बनाउने । विकास निर्माणका काममा योगदान र सहभागिता बढाउने ।

**९. कार्यक्रम बजेट** : रु. २,००,०००।- (दुई लाख मात्र)

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक : लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण कार्यकम**

**१. परिचय** : लैङ्गिक समानता र सामाजिक समावेशिकरण परिक्षण भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, बर्ग र समुदायका महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बीचको भुमिका सम्बन्ध, स्थान, स्तर र अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यकम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परिक्षण गरि सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ । “ लैङ्गिक समानता  तथा सामाजिक समाबेशिकरण” भन्नाले महिला तथा पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र विभिन्न सामाजिक समुहहरु वीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न र हरेक प्रकारका सामाजिक पहिचान भएका ब्यक्तिहरुका लागि समान अधिकार अबसर सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनुपर्छ । गण्डकी गाउँपालिकामा निर्वाचित जनप्रतिनिधी, कर्मचारी र सरोकारवाला पक्षहरुलाई GESI सम्बन्धी अभिमुखिकरण मार्फत GESI  धारणा बुझाई अभिवृद्धि गरि गाउँपालिकाको समग्र विकास प्रक्रियामा महिला पुरुषको न्यायिक एवं समान सहभागिता बढाई अवसर, अधिकार र पहुँचमा सुनिश्चितता हुन आवश्यक छ ।

**२. लक्ष्य तथा उदेश्यहरु** :

- ❖ गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने महिला र पुरुष सबैमा असमानता विभेदहरु हटाई समान अबसरमा पहुँच बढाउने ।
- ❖ गण्डकी गाउँपालिकाको गत आर्थिक बर्षको कार्यक्रम, बजेट तर्जुमा, नीति नियम निर्माण तथा कार्यान्वयन, योजना कार्यान्वयन, सुशासन र पारदर्शिताका पक्षमा महिला सहभागिताको अवस्था GESI  परिक्षण कार्यविधी, २०७७ अनुसार भए नभएको परिक्षण गरि थप सुधारात्मक कार्यहरु गर्ने ।
- ❖ GESI सुधार कार्य योजना निर्माण गर्ने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधी** : हिंसा पिडित महिला पुरुष छनौट गर्ने, वडा कार्यालय, संघमा आवद्ध संस्था, सरोकारवाला विच सहभागितात्मक वैठक बस्ने ।

**५. सहभागी** : गाउँपालिकाका पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, दलित तथा महिला सदस्यहरु) शाखा प्रमुख, महिला समुहका अगुवा पदाधिकारीहरु गै.स.स. प्रतिनिधीहरु आदि ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७८ चैत्र मसान्त सम्म ।

**७. कार्यसञ्चालन प्रक्रिया** : यस गाउँपालिका अन्तर्गत वडाहरुमा लैङ्गिक हिंसा समुह पहिचान गरि सुचनाको आधारमा वडा कार्यालयको बैठकको निर्णयानुसार र अन्तरक्रिया गरेर ।

**८. अपेक्षित प्रतिफल :** लै.स.सा.स.का दृष्टिकोणबाट गाउँपालिकाका हरेक पक्षमा महिलाहरुको समान सहभागिता, पहुँच अभिवृद्धि हुनेछ । गाउँपालिकाको लै.स.सा.स.को बर्तमान अवस्था पहिचान हुनेछ । लै.स.सा.स.को कार्ययोजना तयार भई आगामी आर्थिक वर्षको बजेट, निति तथा कार्यक्रममा समाबेश हुनेछ ।

**९. कार्यक्रम बजेट** : रु. ५०,०००।- (पचास हजार मात्र)

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा लै.स.सा.स. परीक्षण प्रतिबेदन ।

**कार्यक्रम शिर्षक : विपन्न महिलाका लागि आयआर्जन कार्यक्रम**

**१. परिचय** : विपन्न महिला भन्नाले यस गण्डकी गाउँपालिका भित्र बसोबास गर्ने आर्थिक, सामाजिक र राजनैतिक रुपमा पछाडी परेका महिलाहरु जस्तैः दलित, चेपाङ, माझी, कुमाल, दरै, जनजाति, सिमान्तकृत भित्रका निम्न आयस्रोत भएका महिलाहरुलाई बुझाउँछ । उनीहरुलाई समुहमा आवद्ध गराई भौगोलिक अवस्था अनुसार स्थानिय रुपमा खपत हुने आयमुलक कार्यक्रम सञ्चालन गर्ने । विपन्न महिलाहरुका लागि ग्रामिण आयमुलक व्यवसायहरु जस्तैः मुडा बुन्ने, खुद्रा पसल, तरकारी खेती, मैनबत्ति बनाउने, साबुन बनाउने, बाखा पालन, कुखुरा पालन गर्ने, बुटीक चुरा बनाउने, खेलौना बनाउने आदि ।

**२. लक्ष्य तथा उद्देश्य** : यस गाउँपालिका भित्र बसोबास गर्ने निम्न आयस्रोत भएका पछाडी परेका निमुखा महिलाहरुको आर्थिक स्तरमा टेवा पुर्याउने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा ।

**४. कार्यविधी** : निम्न आयस्रोत भएका र पछाडि परेका निमुखा महिलाहरुको सिप र क्षमता अनुसार सहभागी छनौट गर्ने ।

**५. सहभागी** : यस गाउँपालिकाको सम्पुर्ण वडा भित्रका लक्षित समुहहरु ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७८ चैत्र मसान्तसम्म ।

**७. कार्यालय सञ्चालन प्रक्रिया** : यस गाउँपालिकाका सबै वडाहरुमा भएका लक्षित समुहको माग निवेदन अनुसार ।

**८. अपेक्षित प्रतिफल** : लक्षित समुहहरुको सामाजिक विकास र आर्थिक सशक्तिकरण गरि आर्थिक समस्यामा सुधार तथा परिवर्तन ल्याउने ।

**९. कार्यक्रम बजेट** : रु. ६,००,००००।- (छ लाख मात्र) ।

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा प्रतिवेदन ।

**कार्यक्रम शिर्षक : सुपरिवेक्षण तथा अनुगमन**

**१. परिचय** : महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा भए गरेका कामहरु (क्षमता विकास, तालिम गोष्ठी, सहायता तथा खरिद) को गाउँपालिका स्तरवाट निरन्तर अनुगमन गरि सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ ।

**२. लक्ष्य तथा उद्देश्य** : यस गण्डकी गाउँपालिका, महिला वालबालिका तथा जेष्ठ नागरिक शाखा अन्तर्गत भए गरेका कार्यक्रमहरुको अनुगमन गरि सेवा प्रवाहमा सुधार ल्याउने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गाउँपालिका, महिला वालबालिका तथा जेष्ठ नागरिक शाखा ।

**४. कार्यविधी** : गण्डकी गाउँपालिका, महिला वालबालिका तथा जेष्ठ नागरिक शाखा अनुगमन समिति ।

**५. सहभागी** : गण्डकी गाउँपालिका अनुगमन समिति ।

**६. कार्यान्वयन समय** : कार्ययोजना अनुसार २०७८ श्रावण देखि २०७९ असाढ मसान्त सम्म ।

**७. कार्य संचालन प्रक्रिया** : गण्डकी गाउँपालिका अनुगमन समिति मार्फत नियमित अनुगमन गर्ने र समिक्षा गर्ने र सल्लाह सुझावहरुलाई समेटेर सुधारका पक्षहरुलाई समेटि कार्यक्रम कार्यान्वयन गर्ने ।

**८. अपेक्षित प्रतिफल** : महिला वालबालिका तथा जेष्ठ नागरिक अन्तर्गतका कार्यक्रमहरुमा सुधार आई सहभागिता वढ्ने र सुशासन कायम गर्न सहयोग पुग्ने ।

**९. कार्यक्रम बजेट** : रु. ५०,०००।- (पचास हजार मात्र)

**१०. कार्यक्रम सम्पन्न** : अभिलेख तथा प्रतिवेदन ।

**आज्ञाले,**
**जित वहादुर भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**